# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक






राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९६ | बुधवार, १६ वैशाख, २०८३ | Wednesday, 29 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## अध्यादेशमार्फत कानुन निर्माणप्रति कांग्रेसको आपत्ति



काँक्रेविहार संवाददाता
काठमाडौं, १५ वैशाख

नेपाली कांग्रेसले संसद् स्थगित गरेर अध्यादेशमार्फत कानुन निर्माण गर्ने सरकारको कदमप्रति गम्भीर आपत्ति जनाएको छ। पार्टीका प्रवक्ता देवराज चालिसेद्वारा जारी प्रेस वक्तव्यमा यस्तो अभ्यास लोकतान्त्रिक मूल्य, संसदीय मर्यादा र संवैधानिक प्रक्रियाविपरीत भएको उल्लेख गरिएको छ। कांग्रेसले यसलाई व्यवस्थापिकाको अधिकारमाथि कार्यपालिकाको स्पष्ट अतिक्रमणको रूपमा व्याख्या गरेको छ।

यस प्रवृत्तिले विधिको शासनको आधारभूत मर्मलाई कमजोर बनाउनुका साथै संसदप्रतिको सरकारको अविश्वासलाई प्रस्ट पारेको कांग्रेसले जनाएको छ। सदनमा स्पष्ट बहुमत हुँदाहुँदै बारम्बार अध्यादेश ल्याउनु शक्ति केन्द्रीकरणतर्फको खतरनाक संकेत भएको कांग्रेसको ठहर छ।

त्यस्तै, संवैधानिक परिषद् जस्तो संवेदनशील निकायमा प्रस्तावित संरचनागत परिवर्तनप्रति पनि कांग्रेसले गम्भीर चिन्ता व्यक्त गरेको छ। यस्तो परिवर्तनले निर्णय प्रक्रिया सीमित व्यक्तिमा केन्द्रित हुने, प्रणाली कमजोर बन्ने तथा विपक्षी सहभागिताबिना एकतर्फी नियुक्तिको सम्भावना बढ्ने बताइएको छ।

सहकारी क्षेत्रसम्बन्धी अध्यादेशबारे पनि कांग्रेसले टिप्पणी गर्दै सुधार आवश्यक भए पनि अत्यधिक केन्द्रीकरणमार्फत स्थानीय तह र सहकारी संस्थाहरूको स्वायत्तता कमजोर हुने खतरा औँल्याएको छ। कांग्रेसले सरकारलाई लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादाप्रति प्रतिबद्ध रहन, संसदको गरिमा कायम गर्न तथा यस्ता कदम पुनर्विचार गर्न आग्रह गरेको छ।

### कर्णालीका सबै जिल्लामा पुग्यो पाठ्यपुस्तक

# विगतका समस्या समाधानतर्फ जोड

*समयमै पाठ्यपुस्तक वितरण हुनु कर्णाली प्रदेशको शिक्षा क्षेत्रमा सकारात्मक संकेतका रूपमा हेरिएको छ । यसलाई निरन्तरता दिन सम्बन्धित निकायले दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।*

काँक्रेविहार संवाददाता
सुर्खेत, १५ वैशाख

कर्णाली प्रदेशका सबै जिल्लामा नयाँ शैक्षिक सत्र सुरु हुनु अगावै पाठ्यपुस्तक पुगिसकेको छ। विगतका वर्षहरूमा शैक्षिक सत्र सुरु भएको महिनौँ बितिसक्दा पनि दुर्गम क्षेत्रमा पुस्तक अभाव हुने समस्या यस वर्ष भने धेरै हदसम्म समाधान भएको हो।

जनक शिक्षाको प्रादेशिक कार्यालय सुर्खेतका प्रमुख जमुना ढकालका अनुसार यस वर्ष समयमै योजना बनाएर ढुवानी र वितरण प्रक्रिया अघि बढाइएकाले विद्यालयहरूमा पाठ्यपुस्तक समयमै पुऱ्याउन सफल भइनेछ।

'पहिले जस्तो ढिलाइ हुने अवस्था यसपटक भएन, अधिकांश जिल्लामा शैक्षिक सत्र सुरु हुनुअघि नै पुस्तक वितरण भइसकेको छ' उनले भनिन्, 'कर्णालीका हिमाली र पहाडी जिल्लाहरूमा सडक सञ्जाल कमजोर, मौसम प्रतिकूल र ढुवानी चुनौतीपूर्ण हुने कारण विगतमा पुस्तक वितरणमा ढिलाइ हुने गरेको थियो।'

तर यस वर्ष स्थानीय तहसँग समन्वय, अग्रिम योजना र वैकल्पिक ढुवानी व्यवस्थाका कारण समस्या कम भएको उनले स्पष्ट पारिन्। शिक्षा क्षेत्रका सरोकारवालाहरूले समयमै पाठ्यपुस्तक उपलब्ध हुँदा विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पर्ने बताएका छन्। विद्यालयहरूले पनि शैक्षिक सत्रको सुरुवातदेखि नै नियमित पठनपाठन सञ्चालन गर्न सहज भएको जनाएका छन्।

स्थानीय शिक्षकहरूका अनुसार पुस्तक ढिलो आउँदा विगतमा पठनपाठन प्रभावित हुने, विद्यार्थीमा रुचि घट्ने र शैक्षिक गुणस्तरमा असर पर्ने समस्या थियो। यस वर्ष भने त्यस्तो समस्या कम भएको उनीहरूको भनाइ छ। तर केही अति दुर्गम बस्तीहरूमा अझै पनि सिमित मात्रामा ढुवानी चुनौती बाँकी रहेको छ।

जिल्ला स्थित सम्बन्धित निकायहरूले विद्यालयहरुमा शीघ्र पुस्तक पुऱ्याउने प्रयास भइरहेको बताएका छन्। समयमै पाठ्यपुस्तक वितरण हुनु कर्णाली प्रदेशको शिक्षा क्षेत्रमा सकारात्मक संकेतका रूपमा हेरिएको छ। यसलाई निरन्तरता दिन सम्बन्धित निकायले दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

विगतमा कर्णालीका हिमाली तथा पहाडी जिल्लामा प्रायः वार्षिक परीक्षा सुरु हुने बेलासम्म पनि विद्यार्थीको हातमा पूरा सेट पाठ्यपुस्तक पुग्दैनथ्यो। परिणामस्वरुप शैक्षिक गुणस्तर खस्कनेमात्र होइन, रिजल्ट समेत अन्य प्रदेशको तुलनामा कर्णालीको कमजोर रहँदै आएको छ। तर पाठ्यपुस्तकको विगतको नियति भने अहिले फेरिएको छ। यो वर्ष शैक्षिक सत्र सुरु हुनु अगावै कर्णालीका जिल्लाहरूमा पाठ्यपुस्तक पुगिसकेको छ।

विगतमा वैशाख १ गतेबाट नयाँ शैक्षिक सत्र लागु हुने गरेकोमा यो वर्ष सरकारले कार्यतालिका संशोधन गरेर वैशाख १५ देखि भर्ना अभियान सुरु गरेको छ। यस्तै, वैशाख २१ गतेदेखि कक्षा सञ्चालन गर्ने भनिएको छ। तर कर्णालीका जिल्लाहरूमा भर्ना अभियान सुरु हुनुपूर्व नै पहिलो चरणको पाठ्यपुस्तक पुगिसकेको हो।



### यसरी पुऱ्याइयो पाठ्यपुस्तक

कर्णालीका हिमाली जिल्लाहरूमा पाठ्यपुस्तक पुगिसकेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले जनाएको छ। केन्द्रका अनुसार जुम्लामा चैत अन्तिम सातामै पाठ्यपुस्तक पुगिसकेको थियो।

कर्णालीका जिल्लाहरूमा जनक शिक्षाको नेपालगञ्ज र प्रादेशिक कार्यालय सुर्खेतबाट पाठ्यपुस्तक पठाइन्छ। पाठ्यपुस्तक व्यवसायीहरूले ढुवानी गर्दा जताबाट सहजता हुन्छ, उतैबाट पाठ्यपुस्तक जिल्लाहरूमा पुऱ्याउँछन्। तर हुम्ला, डोल्पा, रुकुम पश्चिम, सल्यान र केही मात्रामा जाजरकोटमा जनक शिक्षाको नेपालगञ्ज कार्यालयबाट पुस्तक जान्छ।

सुर्खेत कार्यालयबाट सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, मुगु, जाजरकोट र केही मात्रामा हुम्लामा पनि पाठ्यपुस्तक पुगेको छ। जनक शिक्षाको प्रादेशिक कार्यालय सुर्खेतका प्रमुख जमुना ढकालका अनुसार धेरैजसो ठाउँमा पाठ्यपुस्तक यसअघि नै जिल्लाहरूमा गइसकेको छ। भने पुगेका पाठ्यपुस्तक पनि लगभग ७० प्रतिशत बिक्री भइसकेको जनाइएको छ।

ढकालका अनुसार यो कार्य अझ छिटो हुन सक्थ्यो। शैक्षिक सत्र अलिकति पछाडि सरेको हुनाले र स्थानीय तहबाट भुक्तानी अलि ढिलो हुनाले सबैजसो व्यापारी अझै आइपुग्नुभएको छैन। जनक शिक्षाको सुर्खेत कार्यालयबाट जिल्ला तथा पालिकामा ५० भन्दा बढी पुस्तक व्यवसायीहरूले किताब पुऱ्याउने गरेका छन्।

नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ, कर्णाली प्रदेशका अध्यक्ष गणेश रोकायाले पनि सबै जिल्लामा आवश्यक पुस्तक पुगिसकेको बताए। उनका अनुसार भर्ना अभियान वैशाख १५ पछि भनिएकाले पनि विद्यार्थी, अभिभावक र शिक्षक केही अन्योलमा देखिन्छन्।

### कहाँ कति पाठ्यपुस्तक बिक्रि

सुर्खेत कार्यालयबाट हालसम्म सात करोड ६९ लाख ८७ हजार ९१ रुपैयाँ बराबरको पाँच लाख ६६ हजार ८१ वटा पाठ्यपुस्तक बिक्री वितरण गरिएको छ। सेटअनुसार करिब १४ देखि १५ हजारको हाराहारीमा जिल्लामा गइसकेको छ भने अझै गोदाममा करिब ६ देखि ७ हजार थान पुस्तक स्टक छ।

हालसम्म दैलेखमा एक करोड ५५ लाख ५० हजार ३०० रुपैयाँ बराबरको एक लाख २५ हजार ८९३ वटा पाठ्यपुस्तक गइसकेका छन्। सुर्खेतमा एक करोड ३५ लाख ५० हजार ५६० रुपैयाँ बराबरको एक लाख नौ हजार ३५० वटा पाठ्यपुस्तक बिक्री वितरण भइसकेका छन्। जाजरकोटमा ५४ लाख ६ हजार ४८७ रुपैयाँ बराबरको ३९ हजार ६६१ वटा पाठ्यपुस्तक पुगिसकेका छन्। हुम्लामा ९४ लाख ११ हजार ८७० रुपैयाँ बराबरको ६८ हजार ९२३ वटा पाठ्यपुस्तक पठाइएको छ। मुगुमा ६२ लाख ८२ हजार ८१२ रुपैयाँ बराबरको ४६ हजार ५०८ वटा पाठ्यपुस्तक गइसकेका छन्।

कालिकोटमा एक करोड ८० लाख ९० हजार ५०१ रुपैयाँ बराबरको एक लाख २० हजार ५५० वटा पाठ्यपुस्तक वितरण भएका छन्। जुम्लामा ७४ लाख २२ हजार ७७० रुपैयाँ बराबरको ४५ हजार ९५९ वटा पाठ्यपुस्तक पुगेका छन्। जनक शिक्षाको सुर्खेत कार्यालयबाट सुदूरपश्चिमको अछाम जिल्लामा पनि झन्डै १२ लाख ७१ हजार ७९० रुपैयाँ बराबरको नौ हजार २३७ वटा पाठ्यपुस्तक गएका छन्। जनक शिक्षा सामग्री केन्द्र लिमिटेड नेपालगञ्जका प्रमुख रुद्रबहादुर खनालका अनुसार हुम्लामा १६ हजार १९०, डोल्पामा ३७ हजार २०८, रुकुम पश्चिममा एक लाख ६८ हजार ६७६, जाजरकोटमा ४७ हजार ३२ र सल्यानमा ६६ हजार ४१५ थान पाठ्यपुस्तक गइसकेको छ।

## प्राविधिक सुदृढीकरण र वित्तीय अनुशासनमा मन्त्रालयको जोड

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १५ वैशाख

कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा प्रदेश सरकारका प्रमुख सचिव विरेन्द्रकुमार यादवले अनुसन्धानमा मात्र सीमित नभई प्राविधिक पक्षमा समेत ध्यान दिन आग्रह गरेका छन्।

उनले कृषि तथा पशुपन्छी क्षेत्रको विकासका लागि "एक पालिका एक पाठशाला" अवधारणा अघि सार्दै स्थानीय तहसम्म सीप र ज्ञान विस्तार गर्नुपर्नेमा जोड दिए। साथै प्रदेश सरकारमा जनशक्ति अभाव भए स्थानीय सरकारसँग समन्वय गरेर काम अघि बढाउन सकिने बताए। वित्तीय प्रगति सुधारमा संवेदनशील भएर काम गर्न उनले निर्देशन दिए।




कार्यक्रममा सचिव संजिवकुमार कर्णले साउन मसान्तसम्म ८० देखि ९० प्रतिशतसम्म वित्तीय प्रगति हासिल हुने अपेक्षा व्यक्त गरे। उनले हालसम्मका सिकाइका आधारमा आगामी वर्ष अझ उत्कृष्ट नतिजा ल्याउन सकिने बताए। कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्याहरू समाधान गर्नुपर्नेमा जोड दिँदै बेरुजु फछ्र्यौटमा विशेष प्रयास आवश्यक रहेको उल्लेख गरे। बेरुजुको प्रकृति अनुसार काम गर्न र लिलामीसम्बन्धी समस्या समाधान गर्न पनि उनले आग्रह गरे। सुशासन प्रवर्द्धनका पहललाई तीव्र बनाउनुपर्ने उनको भनाइ थियो।

कर्णाली प्रदेश योजना आयोगका सदस्य डम्बरबहादुर रावलले कृषि मन्त्रालयलाई थप सशक्त बनाउन बजेट विनियोजन बढाउनुपर्ने बताए। उनले वित्तीय प्रगति सुधार गर्न तथा योजनाहरूको कार्यान्वयन प्रभावकारी बनाउन सुझाव दिए। कार्यक्रमहरू सल्लाह अनुसार अघि बढेको देखिए पनि प्रगति फरक-फरक देखिनु स्वाभाविक रहेको उनको भनाइ छ।

किसानलाई कृषि, पशुपन्छी तथा फलफूल फर्म स्थापनातर्फ आकर्षित गर्न नयाँ सोच र ' आइडिया जेनेटर'को रूपमा काम गर्नुपर्ने उनको सुझाव थियो। समीक्षा प्रक्रियालाई थप व्यवस्थित बनाउन पनि उनले जोड दिए।

कार्यक्रमका प्रमुख अतिथि तथा मन्त्री विनोदकुमार शाहले मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका सबै कार्यक्रमहरू अनुदानमा आधारित रहेको उल्लेख गर्दै प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए। उनले कर्मचारीलाई आफ्नो काम, कर्तव्यप्रति जिम्मेवार भई परिणाममुखी ढंगले काम गर्न निर्देशन दिए।

## कर्णालीको राजनीतिमा 'ब्रेक थ्रु' गरेकी बासना

काँक्रेविहार संवाददाता
काठमाडौं, १५ वैशाख

'के महिलाले पनि चुनाव जित्छन् र ?' चुनावअघि नेपाली कांग्रेसकी युवा नेतृ बासना थापाले सबैभन्दा बढी सामना गर्नु परेको प्रश्न हो यो। कर्णालीको विकट भूगोल, जटिल सामाजिक संरचना र जकडिएको पितृसत्तात्मक प्रवृत्तिबिच प्रत्यक्ष चुनाव जितेर संसद् पुग्नु वास्तवमै 'फलामको चिउरा चपाउनु' सरह नै छ। तर यी सबै कुरालाई पन्छाएर सहजताका साथ परीक्षा पास गरेकी छन् बासनाले।

उनी दैलेख निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी छन्। उनको जित सामान्य मात्रै रहेन, कर्णालीका लागि प्रत्यक्ष चुनाव जित्ने पहिलो महिलाको इतिहास समेत रचिन्। जितसँगै रेकर्ड समेत बनेकोमा एकदमै खुसी छिन् उनी। जनताले आफ्नो समाजसेवा र व्यक्तित्वलाई चुनाव जिताएर अनुमोदन गरेको उनी बताउँछिन्। 'दैलेख क्षेत्र नम्बर १ का मतदाताहरूले महिलाले पनि सक्छन् भन्ने कुरालाई प्रमाणित गरिदिनुभएको छ', जितको खुसी



साट्दै उनले भनिन् 'उहाँहरुको भरोसामा अब खरो उत्रिनुपर्ने छ।' यो आफ्नो मात्र नभएर सिङ्गो कर्णालीका महिलाहरूको आत्मविश्वासको जित भएको उनी बताउँछिन्। उनका निकटतम प्रतिद्वन्द्वी थिए- एमाले नेता रवीन्द्रराज शर्मा।

बासनाको जितले कर्णालीमा महिलाका लागि एउटा इतिहास मात्र लेखिएन, उनले १२ वर्षदेखि एमालेको अभेद्य लालकिल्लाको रुपमा परिचित उक्त क्षेत्रमा कांग्रेसको झण्डा गाड्न सफल भइन्।

उनको जित तब मात्र सम्भव भएको हो, जब कांग्रेसले पनि पहिलो पटक कर्णालीको महिलालाई टिकट दिने आँट गऱ्यो। किनभने यो प्रदेशबाट आजसम्म कुनैपनि महिलाले प्रत्यक्ष चुनाव जितेर प्रतिनिधिसभा पुगेको रेकर्ड छैन। 'मेरो लागि यस पटकको टिकट एउटा अवसर मात्र थिएन, एउटा ठुलो अग्निपरीक्षा थियो', उनी भन्छिन्, 'एकातिर एमालेका स्थापित नेता थिए। अर्कोतिर देशैभरि फैलिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को लहर र क्षेत्रका लागि पहिलो पटक महिला उम्मेदवार।' सुरु-सुरुमा त आफैंलाई चुनाव हार्छु कि भन्ने डर लागेको उनी सुनाउँछिन्।

'जब म गाउँ-गाउँ पुगेँ, कार्यकर्ता र जनतासँग घुलमिल भएँ, उहाँहरूको आँखामा देखिएको भरोसाले मेरो डर हराउँदै आत्मविश्वासमा बदल्यो,' बासना भन्छिन्। दैलेख-१ को मतगणनाको सुरूवाततिरै रास्वपाले करिब ८ हजार मतले अग्रता बनाउँदा बासनाको ढुकढुकी बढेको थियो। हिजोको दिनमा सँगै उकाली-ओराली गरेको, सुख-दुःख साटेका मतदातासँग उनको विश्वास त्यत्तिकै थियो।

सम्पादकीय

# योजना छनोटको प्रारम्भिक चरणमै पक्षपातको जोखिम

कर्णाली प्रदेश सरकारले पुनः सांसदहरूसँग योजना माग गर्ने निर्णय सार्वजनिक भएसँगै 'निर्वाचन क्षेत्र विकास' को नाममा प्रत्यक्ष बजेट विनियोजन गर्ने अभ्यास फेरि दोहोरिएको छ । विगतमा आलोचना, अनियमितता र नीति–स्तरका प्रश्नबीच कमजोर ठहरिएको यही मोडेललाई पुनर्जीवित गर्ने प्रयासले सरकारको दीर्घकालीन विकास दृष्टिकोणप्रति नै प्रश्न उठाएको छ । सांसदहरूलाई दुई करोड रूपैयाँसम्मको सीमाभित्र योजना प्रस्ताव गर्न दिने व्यवस्था पहिलो दृष्टिमा स्थानीय आवश्यकताहरू सम्बोधन गर्ने उपाय जस्तो देखिए पनि यसको संरचनागत कमजोरी गम्भीर छ । संसदीय प्रणालीमा सांसदको प्रमुख भूमिका नीति निर्माण, कानुन बनाउने र कार्यपालिकामाथि निगरानी राख्ने हो । तर उनीहरूलाई नै योजना छनोट र बजेट विनियोजन प्रक्रियामा प्रत्यक्ष संलग्न गराउँदा शक्तिको पृथकीकरणको सिद्धान्त कमजोर हुन्छ । यसले व्यवस्थापिका र कार्यपालिकाबीचको सीमारेखा धमिलो बनाउने जोखिम निम्त्याउँछ । यसका अतिरिक्त योजना छनोट प्रक्रियामा प्राविधिक आधारभन्दा राजनीतिक पहुँच हावी हुने सम्भावना उच्च रहन्छ । विगतका अनुभवहरूले देखाएको छ कि यस्ता योजनाहरू प्रायः टुक्रे, अल्पकालीन र कार्यकर्ता–केन्ित हुने गरेका छन् । परिणामस्वरूप, स्रोतको प्रभावकारी उपयोग हुन सक्दैन र समग्र विकासको दीर्घकालीन लक्ष्य कमजोर बन्छ । अझै गम्भीर कुरा, यस्ता कार्यक्रमहरूमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न कठिन हुने गरेको छ । स्थानीय तहमार्फत कार्यान्वयन गरिए पनि योजना छनोटको प्रारम्भिक चरणमै पक्षपातको जोखिम रहन्छ ।

प्रदेशको अर्थ मन्त्रालयले वैशाख ७ गते सूचना जारी गर्दै सांसदहरूलाई निश्चित सीमाभित्र रही आयोजना प्रस्ताव पेस गर्न आह्वान गरेको छ । मन्त्रालयका अनुसार प्रत्येक प्रदेशसभा सदस्यले अधिकतम दुई करोड रूपैयाँको सीमा भित्र रहेर योजना प्रस्ताव गर्न पाउनेछन् । 'कर्णाली प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि (संशोधित ०८२)' अनुसार ती योजनाहरू वैशाख २१ गतेभित्र मन्त्रालयमा बुझाइसक्नु पर्नेछ । प्राप्त प्रस्तावहरूलाई प्राथमिकताका आधारमा छनोट गरी आगामी बजेटमा समावेश गरिने जनाइएको छ । सांसदहरूका अतिरिक्त स्थानीय तह र सार्वजनिक संस्थाहरूलाई पनि योजना पेस गर्ने अवसर दिइएको छ । उनीहरूले एक करोड रूपैयाँसम्मको सीमाभित्र बढीमा पाँचवटा आयोजना तथा ५० लाख रूपैयाँसम्मको सीमाभित्र बढीमा दुई वटा आयोजना प्रस्ताव गर्न सक्नेछन् । सरकारले भने सशर्त अनुदानमार्फत स्थानीय तहलाई कार्यान्वयन जिम्मा दिइने भन्दै स्थानीय आवश्यकताहरू समेट्ने दाबी गरेको छ । तर प्रश्न उठ्छ—यदि योजना अन्ततः स्थानीय तहले नै कार्यान्वयन गर्ने हो भने प्रारम्भिक छनोट प्रक्रिया पनि प्राविधिक निकाय र स्थानीय सरकारकै हातमा किन नदिने ? सांसदमार्फत योजना छनोट गराउने संरचनाले अनावश्यक दोहोरोपन र राजनीतिक हस्तक्षेप बढाउने देखिन्छ ।

विगतमा 'सांसद विकास कोष' का नाममा सञ्चालन भएका यस्ता कार्यक्रमहरू भ्रष्टाचार, अपारदर्शिता र स्रोत दुरूपयोगका आरोपमा खारेज गरिएका थिए । सर्वोच्च अदालतले समेत यस्ता अभ्यासप्रति आपत्ति जनाउँदै रोक लगाउने आदेश दिएको सन्दर्भ अहिले पनि सान्दर्भिक छ । तैपनि विभिन्न नाममा यसलाई पुनःस्थापित गर्ने प्रयास हुनु नीतिगत स्थिरता र सुशासनप्रतिको प्रतिबद्धतामाथि प्रश्न उठाउने विषय हो । स्थानीय तह र सार्वजनिक संस्थालाई समेत योजना प्रस्ताव गर्ने अवसर दिइएको सकारात्मक पक्ष अवश्य हो । तर सांसदमार्फत योजना छनोट गर्ने मूल संरचना परिवर्तन नगरेसम्म यसले अपेक्षित सुधार ल्याउने सम्भावना न्यून देखिन्छ । विकास योजना वैज्ञानिक, तथ्यमा आधारित र दीर्घकालीन लक्ष्यसँग मेल खाने हुनुपर्छ, न कि राजनीतिक दबाब वा व्यक्तिगत पहुँचका आधारमा निर्धारण हुने । त्यसैले कर्णाली प्रदेश सरकारले आलोचना र विगतका कमजोरीबाट पाठ सिक्दै नीति सुधारतर्फ अघि बढ्नुपर्छ । पारदर्शिता, जवाफदेहिता र संस्थागत सन्तुलन सुनिश्चित नगरी यस्ता कार्यक्रमलाई निरन्तरता दिनु सुशासनका लागि प्रतिकूल हुनेछ । किनकी विकासको नाममा अपनाइने हरेक नीति दीर्घकालीन प्रभाव र संस्थागत मजबुतीलाई केन्द्रमा राखेर तय गरिनु आवश्यक छ ।

# नेपाली वामपन्थी आन्दोलनको संकट र पुनर्गठनको कार्यभार



✍ प्रमेश पोखरेल

*नेपाली वामपन्थी राजनीतिलाई आर्थिक दृष्टिकोणबाट पनि हेर्नुपर्ने हुन्छ । खासमा मार्क्सवादी विचार अर्थव्यवस्थामा आधारित हुन्छ र उत्पादन सम्बन्ध तथा व्यवस्थामा परिवर्तनले नयाँ विचार जन्माउँछ । तर गणतन्त्रको स्थापना र नेपाली समाजको पुजीवादीकरण पछि पनि कम्युनिस्टहरूले यो विषयमा ध्यान दिएनन् ।*

नेपाली वामपन्थी राजनीति आज जटिलता र चुनौतीको घेराभित्र उभिएको छ । सुदीर्घ गौरवशाली इतिहास बोकेको यो विचार र शक्ति स्वयं इतिहासको कठघरामा उभिन पुगेको छ । त्यसको बुझाइका लागि अहिले ०८३ सालको बस्तुगत परिस्थितिलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट नियाल्नुपर्ने हुन्छ । कम्युनिस्ट आन्दोलनको वर्तमान अवस्था 'परिमाणात्मक ह्रास' मात्र हो या 'गुणात्मक विचलन' हो भन्नेमा केन्द्रित भएर मात्र यसको यथार्थपरक विश्लेषण हुन्छ ।

सामान्यतः पञ्चायतकालमा यो आन्दोलन वर्गीय थियो र त्यसले नेपाली समाजको अर्धसामन्ती वर्गीय ढाँचालाई भत्काएर ऐतिहासिक भूमिका खेलेको थियो । ०४६ पछि नेपाली माटोमा जनताको बहुदलीय जनवाद र जनयुद्धको वैचारिक प्रयोग भएको थियो र त्यसले आन्दोलनलाई जीवन दियो । ०६२/०६३ को परिवर्तनपछि त्यो राजनीतिक पुँजी क्रमशः संसदीय जोडघटाउ, सत्ताकेन्द्रित गतिविधि र स्वाथीपूर्तिको अलमलमा विसर्जन गरियो । यसरी कम्युनिस्ट आन्दोलनले आफ्नो वर्गीय आधार र वैचारिक धार दुवै गुमाउन पुग्यो ।

वर्तमानको सबैभन्दा ठुलो चुनौती वैचारिक विचलन र दक्षिणपन्थी पपुलिज्मको बढ्दो प्रभाव हो । भर्खरको निर्वाचन तथ्याङ्कले वामपन्थी दलहरूको परम्परागत मताधार भत्किँदै गएको र नयाँ, बिचारहीन लोकरिझ्याईं शक्तिहरूको उदय भएको देखाउँछ । एमाले र माओवादी जस्ता मुख्य धारका वामपन्थी दलहरूको नीति, कार्यक्रम र जीवनशैली पुँजीवादी दलहरूसँग मिल्दो भयो । विचार र कार्यसम्पादनको तालमेल टुट्यो ।

परिणामतः जनताले विकल्पको विकल्प खोज्न थाले । यो कुनै आकस्मिक परिघटना नभई वामपन्थीहरूले आफ्नो क्रान्तिकारी चरित्रलाई संसदीय भासमा विलय गराउँदाको परिणाम थियो । विशेष गरी राष्ट्रिय स्वाधीनताका मुद्दा (एमसीसी) र रणनीतिक सम्झौतालाई वामपन्थी शक्तिहरूले स्वीकार गर्नु आन्दोलनको इतिहासमा एउटा गम्भीर रणनीतिक गल्ती थियो । यसले कम्युनिस्टको साम्राज्यवाद विरोधी छवि मात्र ध्वस्त पारेन, बरु कार्यकर्ता र आम जनतामा नेतृत्वको राष्ट्रिय अडानप्रति गम्भीर अविश्वास पैदा गरिदियो ।

वामपन्थी राजनीतिको सन्तुलन बिग्रनुको दोस्रो महत्त्वपूर्ण पक्ष भनेको जेनजी अर्थात् नयाँ पुस्तासँगको गहिरिँदो खाडल हो । गत भाद्रको जनविद्रोहले प्रष्ट पारेको छ कि नेपालको बहुमत जनसंख्या रहेको नवयुवा पुस्ता पुरानो ढर्राको ' एनालग' नेतृत्व र अमूर्त क्रान्तिकारी जडसूत्रबाट सन्तुष्ट थिएन । श्रम बजारमा छिर्न लागेको युवालाई न त नेतृत्वको जेल जीवनसँग सरोकार थियो, न त युद्धका गाथाहरूसँग ।

उनीहरू त डिजिटल रूपान्तरण, रोजगारीको सुनिश्चितता र पारदर्शी सुशासन खोजिरहेका थिए । विश्वले डाकेको समृद्धि नेपालमा बोलाउन चाहन्थे । तर नेपाली वामपन्थी दलहरू पुरानै संरचना, कार्यशैली र नोकरशाही ढाँचामा जकडिएका थिए । युवा आवाज पूर्णतः दबाइएका र अंशतः प्रतिबन्धित थिए । परिणामस्वरुप, वामपन्थी क्याडर र नेतृत्वबिचको सम्बन्ध श्रद्धाबाट सन्देह र कमान्डबाट विचलनमा परिणत भएरै छाड्यो ।

पछिल्लो वामपन्थी आन्दोलनभित्र भयानक बुर्जुवाकरण देखियो । पार्टीका पूर्णकालीन कार्यकर्ता राजनीतिक प्रशिक्षण र जनसेवामा होइन बरु व्यक्तिगत लाभका काण्डमा जोडिन थाले । कमिसनतन्त्र, ठेक्कापट्टा र भ्रष्टाचारको जालोमा फसे । पालिका, वडा, उपभोक्ता समूह, सहकारी, पूर्वाधार निर्माण, सामग्री खरिद, ठेक्का जस्ता जनताले प्रत्यक्ष अनुभूत गर्ने क्षेत्रमा स्वार्थ बाझिने गरी मुछिए । वामपन्थी समाजवादी सुधारको एउटा पनि मौलिक नमुना पालिका तहमा प्रस्तुत गर्न सकेनन् ।

नेपाली वामपन्थी राजनीतिलाई आर्थिक दृष्टिकोणबाट पनि हेर्नुपर्ने हुन्छ । खासमा मार्क्सवादी विचार अर्थव्यवस्थामा आधारित हुन्छ र उत्पादन सम्बन्ध तथा व्यवस्थामा परिवर्तनले नयाँ विचार जन्माउँछ । तर गणतन्त्रको स्थापना र नेपाली समाजको पुजीवादीकरण पछि पनि कम्युनिस्टहरूले यो विषयमा ध्यान दिएनन् ।

मार्क्सवादको सृजनशील कार्यान्वयन ओझेलमा पऱ्यो । उदारीकरण, बिचौलियातन्त्र, खुला प्रतिस्पर्धा जस्ता पुँजीवादी व्यवस्थाका पक्षपोषण बन्दै गए । वामपन्थीहरू केबल तिनैका सामान्य कर्ता मात्र बने । यो वैचारिक विचलन र परिणामगत शून्यताले गर्दा नै आजको नवपुस्ता वामपन्थी आन्दोलनबाट विमुख भएको हो । अझ विगत २० वर्ष र मूलतः समाजवाद उन्मुख संविधान जारी भएको परिस्थितिमा विचारलाई समयसापेक्ष अघि सार्न नसक्नु आन्दोलनलाई विचार विहीनतामा धकेल्नु नै थियो ।

नेपाली वामपन्थी राजनीतिलाई आर्थिक दृष्टिकोणबाट पनि हेर्नुपर्ने हुन्छ । खासमा मार्क्सवादी विचार अर्थव्यवस्थामा आधारित हुन्छ र उत्पादन सम्बन्ध तथा व्यवस्थामा परिवर्तनले नयाँ विचार जन्माउँछ । तर गणतन्त्रको स्थापना र नेपाली समाजको पुजीवादीकरण पछि पनि कम्युनिस्टहरूले यो विषयमा ध्यान दिएनन् ।

वामपन्थी सरकारहरूले रेमिट्यान्स अर्थतन्त्रको संरचनात्मक जाललाई तोड्न सकेनन् । कुल गार्हस्थ्य उत्पादनमा कृषि र औद्योगिक क्षेत्रको योगदान खुम्चिँदै गयो ।

उपभोगमुखी, आयातित र परनिर्भर अर्थतन्त्र फस्टाउँदै गयो । वामपन्थीहरूले परिकल्पना गरेको समाजवाद-उन्मुख मार्ग केवल नारामा मात्र सीमित रहन पुग्यो । उत्पादनका साधनहरूमाथि श्रमिक वर्गको पहुँच स्थापित गर्ने भन्दा पनि दलाल पुँजीवादसँगको सहकार्यले त्यो वर्ग थप सङ्कटमा पर्न थाल्यो । चरम बेरोजगारी, असमान र न्यून ज्याला, पेसागत असुरक्षा, श्रमशक्तिको अवमूल्यन अनि युवा पलायन चुलिँदै गयो ।

यसले कम्युनिस्टहरूको मूल आदर्श र नैतिक धरातल ध्वस्त हुने क्रमलाई बढाइदियो । शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरूलाई दलाल पुँजीपतिको जिम्मा लगाइदा वैचारिक आधारशिला भत्काइदियो । निर्धन र श्रमिक वर्गले वामपन्थी सरकारको उपस्थिति महसुस गर्न पाएनन् । श्रम र उत्पादनसँगको यो सम्बन्ध विच्छेद नै जनताको विश्वास टुट्नुको अर्को कारण बन्यो ।

वामपन्थीहरू सुकुम्वासी बस्ती, सहकारी र लघुवित्त पीडित तथा किसान र मजदुरमाझ हुनुपर्छ । खेतीयोग्य जमिनको संरक्षण र सहकारीमार्फत साना र मझौला उद्योगहरूको सञ्जाल तथा निर्माण गरी दलाल पुँजीवादी जरा काट्नु नै अबको वामपन्थी पुनरुत्थानको निर्विकल्प बाटो हो । आजको यस सङ्कटपूर्ण घडीमा पनि वामपन्थी पुनर्गठनको स्पष्ट मार्गीचित्र आउन सकेको छैन । अब कर्मकाण्डी एकताबाट होइन बरु वैचारिक-सांस्कृतिक क्रान्तिबाट अघि बढ्नुपर्छ। रणनीतिक प्रस्थान विन्दु नै उत्पादनमुखी समाजवादको नयाँ मोडल हुनुपर्छ । यो केवल सरकारी अनुदान बाँड्ने काम होइन, बरु केरला वा ल्याटिन अमेरिकाका केही सफल प्रयोगहरू जस्तै पर्यावरणीय कृषि र खाद्य सम्प्रभुतामा आधारित सामुदायिक उत्पादन पद्धति हो ।

आवासविहीनलाई घर र वास्तविक किसानलाई उत्पादनका साधन र संसाधनमा पहुँच र नियन्त्रण सुनिश्चित गर्नु आजको मार्क्सवादी कार्यभार बन्नुपर्छ । वामपन्थीहरू सुकुम्वासी बस्ती, सहकारी र लघुवित्त पीडित तथा किसान र मजदुरमाझ हुनुपर्छ । खेतीयोग्य जमिनको संरक्षण र सहकारीमार्फत साना र मझौला उद्योगहरूको सञ्जाल तथा निर्माण गरी दलाल पुँजीवादी जरा काट्नु नै अबको वामपन्थी पुनरुत्थानको निर्विकल्प बाटो हो ।

सङ्गठनात्मक रूपमा कम्युनिस्ट पार्टीहरूले डिजिटल लेलिनवादको अवधारणालाई आत्मसात गर्दै आफ्ना संरचनाहरूलाई पारदर्शी र प्रविधिमैत्री बनाउनुपर्छ । पार्टीभित्रको लेभी प्रणालीदेखि निर्णय प्रक्रियासम्म 'ब्लकचेन' जस्ता प्रविधिको प्रयोग गरी आर्थिक पारदर्शिता कायम गर्नु र नेतृत्व चयनमा 'इन्टरनल प्राइमरी' निर्वाचन प्रणाली लागू गर्नु अनिवार्य छ ।

७० वर्षे उमेर हदको नीतिको कठोर पालना र कार्यनीति निर्माणमा युवा विशेषज्ञहरूको कम्तीमा ५० प्रतिशत प्रतिनिधित्व नभएसम्म नयाँ पुस्ताको विश्वास जित्न असम्भव छ । साथै, प्रत्येक वामपन्थी कार्यकर्ता अनिवार्य रूपमा कुनै न कुनै उत्पादनमूलक श्रम वा आय-आर्जनको काम तथा गैरनाफमूलक सहकारीमा जनतासँग जोडिनुपर्छ ।

आजको यो ऐतिहासिक वस्तुस्थिति के हो भने कि त वामपन्थीहरूले आफूलाई उत्पादन, पारदर्शिता र पुस्तान्तरणको मार्गमा निर्ममतापूर्वक पुनर्संरचना गर्ने छन्, अन्यथा इतिहासको पानामा एउटा असफल प्रयोगको रूपमा मात्र सीमित हुने छन् । समाज र कार्यकर्तामा जरा गाडेको उपभोक्तावादी र बुर्जुवा संस्कृतिलाई तोड्न स्पष्ट विचार, अनुशासन र व्यावहारिक अभ्यासको संयोजन अनिवार्य छ ।

नेपालको विशिष्ट भू-राजनीतिक संवेदनशीलतालाई बुझ्दै हिमालयन तटस्थताको परराष्ट्र नीति अघि सार्नुपर्छ । एमसीसी जस्ता परियोजनाले सिर्जना गरेको पराश्रित मानसिकता त्यागेर ग्लोबल साउथको आवाज बुलन्द पार्नु पर्छ । मस्कोदेखि नयाँ दिल्ली र बेइजिङसम्मको सम्बन्धलाई राष्ट्रिय स्वाधीनता र वर्गीय हितको कसीमा राखे मात्र नेपाली वामपन्थी आन्दोलनले आफ्नो गुमेको साख फिर्ता गर्न सक्छ ।

साथै संयुक्त मोर्चाको अवधारणालाई पुनः जीवित गरी किसान, महिला र दलितका आन्दोलनहरूलाई स्वायत्त र सशक्त बनाउँदै साझा समाजवादी एजेन्डामा गोलबन्द गर्नु आजको आवश्यकता हो । अव भातृ सङ्गठनहरूलाई स्वायत्त सामाजिक आन्दोलनका रूपमा विकास गर्नुपर्छ । अन्त्यमा आजको यो ऐतिहासिक वस्तुस्थिति के हो भने कि त वामपन्थीहरूले आफूलाई उत्पादन, पारदर्शिता र पुस्तान्तरणको मार्गमा निर्ममतापूर्वक पुनर्संरचना गर्ने छन्, अन्यथा इतिहासको पानामा एउटा असफल प्रयोगको रूपमा मात्र सीमित हुने छन् । समाज र कार्यकर्तामा जरा गाडेको उपभोक्तावादी र बुर्जुवा संस्कृतिलाई तोड्न स्पष्ट विचार, अनुशासन र व्यावहारिक अभ्यासको संयोजन अनिवार्य छ ।

सुधारका लागि अब लिपपोत होइन, सर्जिकल अपरेसनकै खाँचो छ । यसरी वैचारिक, साङ्गठनिक, कार्यनीतिक, प्राविधिक, उत्पादनमुखी, सन्तुलित र युवावहुल रूपान्तरणबाट मात्र वामपन्थी राजनीति तथा आन्दोलनलाई समाजवादको लक्ष्यसम्म पुऱ्याउन सकिन्छ ।

# लोकप्रियतावादको अग्निमा सत्ताको परीक्षा



✍ ईश्वरदेव खनाल

*राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले भर्खरै एक महिना बिताएको छ । नयाँ दलहरूले गल्ती गर्दैनन् भन्ने होइन, र गर्छन् पनि । फरक यति हो, गल्तीबाट सिक्नुपर्छ, दोहोर्‍याउनु हुँदैन ।*

लोकप्रियता आर्जन गर्न कठिन अनि त्यसलाई सम्हाल्न अझ गाह्रो हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी अहिले यही यथार्थसँग जुधिरहेको देखिन्छ। सरकार गठनमा निर्णायक भूमिका खेलेको एक महिनामात्र भएको छ । तर, राष्ट्रिय स्वतन्त्र पार्टी जटिल परीक्षणको चरणमा प्रवेश गरेको छ-शासकीय क्षमताको हक । तर प्रारम्भिक संकेतले देखाउँछन् कि लोकप्रियताबाट शासनतर्फको यात्रा सहज भइरहेको छैन ।

पछिल्ला घटनाले धेरै बोल्छन् । ओखलढुङ्गाका सांसद विश्वराज पोखरेल एक विद्यालयका प्रधानाध्यापकसँग कठोर र अपमानजनक शैलीमा प्रस्तुत भएको भिडियो सार्वजनिक भएपछि उनको सर्वत्र आलोचना भयो । आफ्नै समर्थक खनिए । उनले माफी त मागे, तर उनको क्षयीकरण भइसकेको थियो। त्यो केवल जिब्रो चिप्लिएको क्षण थिएन-त्यो मनोवृत्तिको झल्को थियो ।

यस्तै प्रवृतिबाट वास्तविक चिन्ता सुरु भएको छ र हुन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टी आकस्मिक रूपमा उदाएको होइन। यो निराश जनमतको परिणाम हो । पुराना अनुहार, अधुरा बाचा र नफेरिएका राजनीतिक संस्कृतिबाट दिक्क भएका मतदाताले गरेको एउटा टेस्ट चेन्ज र नयाँ अपेक्षा चुनावमार्फत आएको सन्देश हो । विशेषगरी युवाका लागि, यो दलले 'नयाँ सुरुवात' को वाचा गरेर सत्तामा आएको हो । मतदाताले रास्वपालाई दूधले नुहाएको मनोविज्ञानमा चुनेको नभएर कांग्रेस, एमाले र माओवादीसँग प्रतिशोध साँध्न उठाएको वैकल्पिक अस्त्र हो ।

तर, चुनाव जित्नु र शासन चलाउनु फरक खेल हुन्। अहिले, राष्ट्रिय स्वतन्त्र पार्टी त्यो भिन्नता कठोर तरिकाले सिक्दैछ। पार्टीले लोकप्रिय अनुहारमा अत्यधिक निर्भरता देखाएको छ। चुनावका लागि यो प्रभावकारी रणनीति हुन सक्छ । तर शासनका लागि यो बान्छनीय योग्यताभित्र पर्दैन । शासकीयभन्दा पनि अब समन्वय क्षमता आधारभूत मानिन्छ ।

ओखलढुङ्गाका सांसद विश्वराज पोखरेल एक विद्यालयका प्रधानाध्यापकसँग कठोर र अपमानजनक शैलीमा प्रस्तुत भएपछि उनले माफी त मागे, तर उनको क्षयीकरण भइसकेको थियो। त्यो केवल जिब्रो चिप्लिएको क्षण थिएन-त्यो मनोवृत्तिको झल्को थियो ।

नेपालका लागि यो नयाँ भएपनि कथा नयाँ होइन। भारतको दिल्लीको आम आदमी पार्टीले पनि यही बाटो पार गरेको छ । तीव्र लोकप्रियतासँगै सत्तामा पुगेको पार्टीले छिट्टै हतारका निर्णय, टकराव र अनुभवहीनताका कारण आलोचना भोग्नु पऱ्यो । लोकप्रियता र तयारीबीचको खाडल प्रस्ट भयो- र त्यसको मूल्य चुकाउनुपऱ्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टीमा पनि उही संकेत देखिँदैछन् । गृहमन्त्री सुदन गुरुङको राजीनामा सामान्य घटना थिएन। यस्तो संवेदनशील मन्त्रालयमा अस्थिरताले एउटा सन्देश दिन्छ-तिमीहरुको आधार अझै बलियो भएको छैन है ।

अर्का मन्त्री दीपक साहलाई फिर्ता बोलाउने निर्णयले पनि प्रश्न उठायो । जवाफदेहिता आवश्यक छ। तर अस्पष्ट र अचानक निर्णयले विश्वास बढाउँदैनन, उल्टै शंका जन्माउँछन् ।

नीति निर्माणमा पनि उस्तै समस्या देखिन्छ। "ब्रिज कोर्स" प्रतिबन्ध गर्ने प्रयास राम्रो उद्देश्यबाट आएको हुनसक्छ । तर कार्यान्वयन हतारमा भयो । परामर्श सीमित रह्यो, र विरोध तुरुन्तै आयो । विद्यार्थी, अभिभावक र संस्थाहरू सबै असन्तुष्ट भए। अन्ततः निर्णय आंशिक रूपमा उल्ट्याइयो ।

यसले एउटा बलियो धारणा निर्माण गऱ्यो, पहिले घोषणा पछि सोच ।

इटालीको फाइभ स्टार आन्दोलनले पनि यस्तै मूल्य चुकाएको थियो । तीव्र आकांक्षापछि सरकारमा पुगेको उक्त आन्दोलन आन्तरिक असंगति, नीतिगत कमजोरी र विवादास्पद अभिव्यक्तिका कारण कमजोर बन्यो । निष्कर्ष सरल छ- संरचना बिना गति टिक्दैन।

यही सन्दर्भमा सफल शासनको अर्को उदाहरणस्मरणीय छ।

सिंगापुरका ली क्वान यू आफ्नो अत्यन्त अनुशासित, व्यावहारिक र कहिलेकाहीँ अधिनायकवादी झल्को दिने खाले कार्यशैलीका लागि परिचित थिए। उनले परिणाममुखी काममा ध्यान केन्द्रित गरे । उनका लागि राजनीति भावनात्मक नाराभन्दा परिणाममुखी अभ्यास थियो । र उनले राजनीतिलाई प्रशासनिक र आर्थिक व्यवस्थापनबाट स्पष्ट रूपमा अलग राखे ।

उनले एकपटक भनेका थिए, "काम मिलाउन मैले केही कडा र अलोकप्रिय निर्णय लिनुपऱ्यो।" यसमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति र श्रम क्षेत्रमा स्थिरता कायम गर्न कडा कदम समावेश थिए।

सिंगापुरका ली क्वान यूले योग्यतामा आधारित शासन प्रणाली विकास गरे । उनको शैली सीधा थियो, कहिलेकाहीँ असहज लाग्ने व्यवहार गर्ने उनी भावनात्मक अपिलभन्दा स्पष्ट संवादमा विश्वास गर्थे । राष्ट्रिय स्वतन्त्र पार्टीकोजस्तो लोकप्रियता वा विश्वराज शैलीमा होइन ।

उनले योग्यतामा आधारित शासन प्रणाली विकास गरे । उच्च दक्षता भएका प्राविधिकलाई अगाडि ल्याए । स्वच्छ, सक्षम तथा परिणाममुखी निजामती सेवा निर्माण गरे । उनको शैली सीधा थियो, कहिलेकाहीँ असहज लाग्ने व्यवहार गर्ने उनी भावनात्मक अपिलभन्दा स्पष्ट संवादमा विश्वास गर्थे । राष्ट्रिय स्वतन्त्र पार्टीकोजस्तो लोकप्रियता वा विश्वराज शैलीमा होइन । समस्या जति बलवान छ, त्यतिनै गहिरो छ । शासन आवेगमा चल्दैन । नेपालको संघीय संरचना जटिल छ-कानुनी प्रक्रिया, संवैधानिक सीमा र तहगत समन्वय यसका मेरुदण्ड हुन् । यी बेवास्ता गरिए भने राम्रो नियतका नीतिहरू पनि असफल हुन्छन् ।

यहाँ मुद्दा नियत होइन-कार्यान्वयन हो ।

पर्याप्त अध्ययन, कानुनी परीक्षण र सरोकारवालासँगको संवादबिना, राम्रो विचार पनि विवादमा बदलिन्छ । यो सँगै मानसिकताको समस्या पनि उतिनै छ। राजनीतिमा शासन धैर्य, गहिराई र सुन्ने क्षमता चाहिन्छ । प्रतिक्रिया र आक्रामक चरित्र होइन । राष्ट्रिय स्वतन्त्र पार्टी पनि यो संक्रमणसँग जुधिरहेको देखिन्छ।

रास्वपाको तीव्र विस्तारले चुनौती अझ बढाएको छ। संरचनाभन्दा छिटो वृद्धि हुँदा त्रुटिहरू हुन्छन् । कतिपय अवस्थामा कमजोर निर्णय र टार्न सकिने गल्तीले नेतृत्वको परीक्षाको थालनी हुन्छ ।

नेतृत्वले आफ्ना प्रतिनिधि, सांसद र पार्टी पंक्तिलाई केवल लोकप्रिय होइन, जिम्मेवार बनाउनु पर्छ । मतदाताले अनुहार होइन, संस्कार र संस्कृति रोजेका हुन् । ओखलढुङ्गा प्रकरण फेरि सम्झौ-सार्वजनिक पद शक्ति मात्र होइन, संयमको परीक्षण पनि हो । भाषा, व्यवहार र सम्मान नीतिभन्दा कम महत्त्वपूर्ण छैनन् ।

शासन आवेगमा चल्दैन । नेपालको संघीय संरचना जटिल छ-कानुनी प्रक्रिया, संवैधानिक सीमा र तहगत समन्वय यसका मेरुदण्ड हुन् । यी बेवास्ता गरिए भने राम्रो नियतका नीतिहरू पनि असफल हुन्छन् ।

त्यसैले अहंकार र गैरजिम्मेवारी लागि कुनै स्थान हुनु हुँदैन ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो 'राइट टु रिकल' जस्ता प्रतिबद्धतालाई सम्झनुपर्ने हो कि ? जवाफदेहिता नारामा सीमित रहनु हुँदैन । यो व्यवहारमा पनि देखिनुपर्छ । नियम सबैका लागि समान हुनुपर्छ ।

# दैलेखमा धार्मिक पर्यटन मेला सुरू

काँक्रेविहार संवाददाता
दैलेख, १५ वैशाख

ऐतिहासिक तथा धार्मिक महत्व बोकेको दैलेखको पञ्चकोशी क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले नाभिस्थानमा धार्मिक पर्यटन मेला सुरु गरिएको छ।

ओझेलमा परेको यस धार्मिक गन्तव्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने लक्ष्यसहित मेला आयोजना गरिएको आयोजकले जनाएको छ। पञ्चकोशी क्षेत्र विकास संस्थाका अनुसार मेलामार्फत यस क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्व उजागर गर्ने उद्देश्य राखिएको छ ।

संस्थाका अध्यक्ष नवीनकुमार योगीले विशेष गरी भारतसहित अन्य मुलुकका हिन्दु धर्मावलम्बीलाई आकर्षित गर्दै




पञ्चकोशी क्षेत्रलाई अन्तर्राष्ट्रिय धार्मिक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य रहेको जानकारी दिए।

मेलाको मुख्य आकर्षणका रूपमा १८ वर्षीया पूज्यमाता कीर्ति किशोरीजीद्वारा दिव्य स्कन्दपुराण वाचन भइरहेको छ ।

उक्त धार्मिक कार्यक्रममा सहभागी हुन भारत सरकारका पूर्वसचिव तथा भारतीय जनता पार्टीका नेता डा. दिनेश उपाध्यायसहितको टोली दैलेख पुगेको छ।

मेलामा सहभागी डा. उपाध्यायले पञ्चकोशी क्षेत्रलाई अत्यन्तै पुण्यभूमि भएको उल्लेख गर्दै यसको संरक्षण र विकासमा सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने बताएका छन्।

यहाँ पाइने पानी, ज्वाला र जडीबुटीजस्ता प्राकृतिक स्रोत अद्वितीय रहेको उल्लेख गर्दै उनले यसको व्यापक प्रचारप्रसार आवश्यक रहेको धारणा व्यक्त गरे।

मेलामा पूजाआराधना, भजन-कीर्तन, सांस्कृतिक कार्यक्रम तथा स्थानीय उत्पादनको प्रदर्शनीसमेत राखिएको छ।

प्राकृतिक सौन्दर्य र धार्मिक आस्थाले भरिपूर्ण पञ्चकोशी क्षेत्र पर्याप्त प्रचारप्रसारको अभावमा अपेक्षित रूपमा पर्यटक भित्रिन नसकेको स्थानीयवासी बताउँछन्।

स्थानीयका अनुसार यस्ता मेलाले क्षेत्रको विकास, व्यापार विस्तार र रोजगारी सिर्जनामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

होटल, यातायात तथा साना उद्यममा संलग्न व्यवसायीहरूले मेलाबाट आर्थिक गतिविधि बढ्ने विश्वास व्यक्त गरेका छन्।

# सिफारिसका लागि १२ घण्टासम्म यात्रा

काँक्रेविहार संवाददाता
हुम्ला, १५ वैशाख

जिल्लका  दुई गाउँपालिकाका केही वडामा बसोबास गर्ने स्थानीयलाई नागरिकताको सिफारिस लिन छ देखि १२ घण्टासम्म पैदल हिँड्नुपर्ने बाध्यता कायमै रहेको छ।

ताजाकोट गाउँपालिका तिन को मासपुर र सर्केगाड गाउँपालिका उक को तुम्च गाउँका बासिन्दाले यस्तो सास्ती खेप्दै आएका हुन्।

मासपुर गाउँका स्थानीय परिमल बुढाका अनुसार वडा कार्यालय टाढा रहेकाले सामान्य सिफारिस लिनसमेत करिब १२ घण्टासम्म हिँड्नुपर्ने अवस्था छ।

सो बस्तीमा रहेका २२ घरधुरीका बासिन्दाले नागरिकता, प्रतिलिपि, राष्ट्रिय परिचयपत्रलगायतका सिफारिस लिन लामो यात्रा गर्नुपर्ने बाध्यता भोगिरहेका छन्।

एउटै कामका लागि तीन दिनसम्म समय खर्चिनुपर्ने अवस्था रहेको उनले बताए। यस्तै



समस्या सर्केगाड गाउँपालिका-१ को तुम्च गाउँमा पनि देखिएको छ।

स्थानीय प्रकाश मल्लका अनुसार वडा कार्यालय रहेको जैरगाउँ पुग्न करिब छ घण्टा उकालो हिँड्नुपर्छ। उनले संघीय शासन प्रणाली लागू भए पनि गाउँमै सेवा पुगेको अनुभूति हुन नसकेको गुनासो गरे।

वडा सदस्य उब्जन मल्लले पनि स्थानीयले सामान्य सरकारी कागजात लिन निकै सास्ती खेप्नुपरेको बताए। वडाध्यक्षले महिनामा दुई पटक गाउँमै आवश्यक कागजात लिएर आउने पहल गरे पनि समस्या पूर्ण रूपमा समाधान हुन सकेको छैन।

दुर्गम भौगोलिक अवस्था र पहुँचको अभावका कारण स्थानीयले अझै पनि आधारभूत प्रशासनिक सेवाका लागि लामो दूरी पार गर्नुपर्ने अवस्था हट्न सकेको छैन।

# कोहलपुर नगरपालिकाद्वारा निःशुल्क स्वास्थ्य शिविर

काँक्रेविहार संवाददाता
बाँके, १५ वैशाख

कोहलपुर नगरपालिकाले समुदाय स्तरमै रोग पहिचान र उपचारलाई सहज बनाउन निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ।

समुदायस्तरमा रोग पहिचान र निदान' कार्यक्रमअन्तर्गत सञ्चालन हुने शिविर वैशाख १७ गतेदेखि जेठ ३० गतेसम्म चल्नेछ।

सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुराको प्राविधिक तथा विशेषज्ञ सहयोगमा सञ्चालन हुने शिविरमा ३० वर्षमाथिका नागरिकलाई लक्षित गरी विभिन्न रोगहरूको निःशुल्क परीक्षण गरिनेछ।

उच्च रक्तचाप, मधुमेह, मुटुरोग, श्वासप्रश्वाससम्बन्धी दीर्घरोग, मिर्गौला, थाइराइड र बाथरोगजस्ता नसर्ने रोगका साथै स्तन तथा पाठेघरको मुखको क्यान्सरलगायत स्त्रीरोगसम्बन्धी समस्याको स्क्रिनिङ गरिने जनाइएको छ।

शिविरमा विशेषज्ञ चिकित्सकको टोलीबाट स्वास्थ्य परीक्षण, निःशुल्क भिडिओ एक्स-रे सेवा तथा आवश्यक औषधि वितरणसमेत गरिनेछ।

नगरपालिकाका अनुसार १५ वटै वडामा चरणबद्ध रूपमा शिविर सञ्चालन गरिनेछ। कार्यक्रमअनुसार वैशाख १७ गते वडा नं. १५ स्थित नगर स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट सुरु हुने शिविर विभिन्न वडामा सञ्चालन हुँदै जेठ ३० गते वडा नं. ११ स्थित नगर अस्पतालमा सम्पन्न हुनेछ।

नगरपालिकाले ३० वर्षमाथिका सम्पूर्ण नागरिकलाई शिविरमा सहभागी भई निःशुल्क स्वास्थ्य सेवा लिन आग्रह गरेको छ। यस कार्यक्रमले समयमै रोग पहिचान र उपचारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# पहिलो चिसापानी-राजकाँडा केबलकार निर्माण तीव्र

काँक्रेविहार संवाददाता
कैलाली, १५ वैशाख

सुदूरपश्चिम प्रदेशको पहिलो केबलकारका रूपमा निर्माण भइरहेको चिसापानी-राजकाँडा केबलकार परियोजनाको काम तीव्र गतिमा अघि बढेको छ।

जाल्पादेवी केबलकार निर्माण कम्पनीद्वारा अघि बढाइएको आयोजनामा बेस निर्माण सम्पन्न भइसकेको छ भने हाल पिलर जडानको काम भइरहेको छ।

२०८२ साल पुसदेखि सुरु भएको निर्माण कार्यअन्तर्गत १४ वटा पिलरमध्ये हालसम्म तिन वटा जडान भइसकेका छन्।

साथै ३४ वटा गोन्डोला जडान गरिने योजना रहेको छ। निर्माणका लागि आवश्यक प्राविधिक टोली इटलीबाट ल्याइएको छ र उनीहरूकै निगरानीमा काम भइरहेको छ।

केबलकार सञ्चालक सूर्यबहादुर थापाका अनुसार असारसम्म सञ्चालनमा ल्याउने लक्ष्य रहे पनि केही कारणले ढिलाइ भएको छ।

स्वास्थ्य समस्या र चुनावी अवस्थाका कारण समय तालिका प्रभावित भएको उनले बताए। अब भने दशैंसम्म केबलकार सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ।

राजकाँडा क्षेत्रमा केबलकारसँगै मालिका मन्दिर, चमेना गृह, टिकट काउन्टर र पहुँच मार्ग निर्माणको काम पनि समानान्तर रूपमा भइरहेको छ।

विभिन्न आठ ठेकेदारले छुट्टाछुट्टै जिम्मेवारी लिएर काम गरिरहेका छन्। मालिका मन्दिर



निर्माणको करिब ५० प्रतिशत काम सम्पन्न भइसकेको छ भने मन्दिरसम्म पुग्ने आकर्षक ढुंगाछाप बाटो पनि निर्माणाधीन छ।

करिब २० विघा जमिनमा फैलिएको परियोजना निजी क्षेत्रको लगानीमा अघि बढाइएको हो। आइएमई समूहका अध्यक्ष चन्द्र ढकालको ७५ प्रतिशत र स्थानीय व्यवसायी सूर्यबहादुर थापाको २५ प्रतिशत लगानी रहेको छ।

अनुमानित लागत करिब पाँच अर्ब रुपैयाँ रहेको बताइएको छ, जसमा वृद्धि हुन सक्ने सम्भावना पनि रहेको छ।

केबलकार सञ्चालनमा आएपछि मोहन्याल गाउँपालिका सात स्थित ऐतिहासिक धुलिकोट दरबारलगायत क्षेत्रको पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

साथै स्थानीय अर्थतन्त्र, रोजगारी र पूर्वाधार विकासमा समेत टेवा पुग्ने विश्वास गरिएको छ। स्थानीय होटल व्यवसायीहरूले केबलकार सञ्चालनपछि पर्यटकको आगमन बढ्ने र व्यवसाय फस्टाउने अपेक्षा गरेका छन्।

हालसम्म पनि तराईको गर्मीबाट बच्न र प्राकृतिक दृश्य अवलोकनका लागि पर्यटकहरू राजकाँडा पुग्ने गरेका छन्। यद्यपि, राजकाँडामा खानेपानी र विद्युत् आपूर्तिको समस्या रहेको छ।

केबलकार परियोजनासँगै ती आधारभूत पूर्वाधारको पनि विकास हुने आशा स्थानीयले गरेका छन्। सञ्चालक थापाले निजी क्षेत्रको पहलले पर्यटनसँगै समग्र विकासमा योगदान पुग्ने बताए।

उक्त परियोजनाको शिलान्यास २०८२ साल वैशाखमा तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवाले गर्नुभएको थियो।

मालिका मन्दिर निर्माण सम्पन्न भएपछि भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबाट उद्घाटन गराउने तयारी गरिएको जनाइएको छ।

# एआई प्रविधिबाट क्षयरोग पहिचान एक जनामा सङ्क्रमण पुष्टि

काँक्रेविहार संवाददाता
जुम्ला, १५ वैशाख

जिल्लको चन्दननाथ नगरपालिकामा 'क्षयरोगमुक्त पालिका' अभियान अन्तर्गत पहिलो पटक कृत्रिम बुद्धिमता (एआई) प्रविधिको प्रयोग गरी क्षयरोग पहिचान शिविर सञ्चालन गरिएको छ।

आधुनिक प्रविधिको प्रयोगमार्फत रोग पहिचानलाई छिटो, प्रभावकारी र विश्वसनीय बनाउने लक्ष्यसहित कार्यक्रम अघि बढाइएको हो।

नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा सञ्चालन गरिएको शिविरमा विभिन्न वडाका नागरिकको स्वास्थ्य परीक्षण गरिएको छ।

विशेष गरी जोखिम समूहलाई लक्षित गर्दै गरिएको परीक्षणले प्रारम्भिक चरणमै क्षयरोग पहिचानमा सहयोग पुगेको



जनाइएको छ।

वडा नं. ८ अन्तर्गत तलिउम स्वास्थ्य चौकीमा १४९ जनाको परीक्षण गर्दा १७ जनाबाट जिन एक्सपर्ट परीक्षणका लागि खकार नमुना सङ्कलन गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको छ।

वडा नं. चार को सहरी स्वास्थ्य सेवा केन्द्रमा एक सय ८२ जनाको परीक्षण गर्दा १३ जनाको नमुना थप परीक्षणका लागि पठाइएको छ।

त्यस्तै वडा नं. छ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रमा एक सय २५ जनाको परीक्षण गर्दा नौ जनाको नमुना परीक्षणका लागि पठाइएकोमध्ये एक जनामा क्षयरोग सङ्क्रमण पुष्टि भएको छ।

सङ्क्रमित व्यक्तिको उपचार प्रक्रिया तत्काल सुरु गरिएको स्वास्थ्य शाखाले जनाएको छ। स्वास्थ्य शाखा प्रमुख क्षेत्रबहादुर महतका अनुसार एआई प्रविधिले क्षयरोगजस्ता रोगको प्रारम्भिक पहिचानमा महत्वपूर्ण भूमिका खेलेको छ।

परम्परागत विधिको तुलनामा यसले जोखिमयुक्त व्यक्तिलाई छिटो पहिचान गर्न, परीक्षणको दायरा विस्तार गर्न तथा समयमै उपचारमा लैजान सहयोग पुऱ्याएको उनले बताए।

चन्दननाथ नगरपालिकालाई 'क्षयरोगमुक्त पालिका' बनाउने लक्ष्यसहित यस्ता प्रविधिमैत्री स्वास्थ्य अभियानलाई निरन्तरता दिइने बताइएको छ।

साथै समुदायस्तरमै स्वास्थ्य सचेतना अभिवृद्धि गर्दै नागरिकलाई नियमित परीक्षणका लागि प्रेरित गरिने योजना छ।

यस कार्यक्रमले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवामा आधुनिक प्रविधिको प्रयोगको नयाँ अभ्यास सुरु गरेको र आगामी दिनमा अन्य रोग नियन्त्रणमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# 'स्मार्ट रिफ्रेस सेन्टर' योजना अलपत्र

काँक्रेविहार संवाददाता
बुटवल, १५ वैशाख

पूर्वपश्चिम राजमार्गमा यात्रु तथा चालकका लागि सुविधा दिने उद्देश्यले लुम्बिनी प्रदेश सरकारले अघि सारेको 'स्मार्ट रिफ्रेस सेन्टर' योजना सुरु भएको चार वर्ष बितिसक्दा पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

तत्कालीन मुख्यमन्त्री शङ्कर पोखरेलको नेतृत्वमा २०७७ सालमा सुरु गरिएको यस योजनाअन्तर्गत पाँच स्थानमा रिफ्रेस सेन्टर निर्माण गर्ने लक्ष्य राखिएको थियो।

तर हालसम्म केवल तीन स्थानमा पहिलो चरणको निर्माण सम्पन्न भएको छ भने बाँकी दुई स्थानमा काम सुरु नै हुन सकेको छैन। प्रदेशको खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयका अनुसार रुपन्देहीको सैनामैना, कपिलवस्तुको चन्द्रौटा र नवलपरासीको बर्दघाटमा पहिलो



चरणको संरचना निर्माण सम्पन्न भइसकेको छ। ती संरचनामा पार्किङ, शौचालय र खानेपानीजस्ता आधारभूत सुविधा समावेश छन्। दोस्रो चरणमा आराम कक्ष, रेस्टुरेन्ट र चार्जिङ स्टेसनजस्ता सेवा विस्तार गर्ने योजना भए पनि बजेट अभावका कारण काम अघि बढ्न नसकेको मन्त्रालयले जनाएको छ। मन्त्रालयका खानेपानी महाशाखा प्रमुख इन्जिनियर गुणनिधि पोखरेलका अनुसार निर्माण सम्पन्न संरचनालाई स्थानीय तहलाई हस्तान्तरण गर्ने विषयमा छलफल भइरहेको छ।

सञ्चालन र व्यवस्थापन स्थानीय तहले गर्ने तयारी छ। त्यसैगरी, दाङको देउखुरी र बर्दियामा निर्माण गर्ने योजना रहे पनि देउखुरीमा वनक्षेत्रको जग्गा उपलब्ध नहुँदा र बर्दियामा जग्गा व्यवस्थापन नहुँदा काम अघि बढ्न सकेको छैन।

चन्द्रौटा र सैनामैनामा पहिलो चरणको निर्माण पूरा भए पनि दोस्रो चरणको काम अझै अनिश्चित छ। बर्दघाटमा भने पहुँचमार्ग निर्माणको काम अन्तिम चरणमा पुगेको र छिट्टै सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गर्ने तयारी रहेको छ। स्थानीय तहहरूले संरचना पूर्ण रूपमा हस्तान्तरण भए सञ्चालनको जिम्मेवारी लिन तयार रहेको बताएका छन्।  योजना अनुसार रिफ्रेस सेन्टर सञ्चालनमा आएपछि राजमार्गमा अनावश्यक रूपमा सवारी रोक्ने समस्या घट्ने, यात्रु तथा चालकलाई सुरक्षित विश्राम सुविधा उपलब्ध हुने र सडक सुरक्षा सुधार हुने अपेक्षा गरिएको छ।

प्रदेश सरकारले भविष्यमा यी केन्द्रलाई थप व्यवस्थित बनाउँदै सवारी परीक्षण तथा अन्य सेवासमेत जोड्ने योजना अघि सारेको जनाएको छ।

# १२ औं हाफ म्याराथन हुँदै

काँक्रेविहार संवाददाता
धनगढी, १५ वैशाख

१२ औं संस्करणको हाफ म्याराथन प्रतियोगिता वैशाख १८ गते आयोजना हुने भएको छ। धनगढी जेसिजको आयोजनामा हुन लागेको प्रतियोगिताको तयारी तीव्र रूपमा अघि बढाइएको छ।

हरेक वर्ष वैशाख एक गते आयोजना हुँदै आएको दौड यसपटक केही ढिलाइ गरी वैशाख १८ मा सारिएको आयोजकका अध्यक्ष महेश्वर ओझाले जानकारी दिए।

अब धनगढी दौडिन्छ भन्ने नारासहित कार्यक्रमलाई अझ व्यवस्थित र भव्य बनाउने तयारी भइरहेको उनले बताए।

२१.१ किलोमिटरको हाफ म्याराथनतर्फ प्रथम हुनेले ७७ हजार सात सय ७७ रुपैयाँ, दोस्रो हुनेले ५५ हजार पाँच सय ५५ रुपैयाँ र तेस्रो हुनेले ४४ हजार चार सय ४४ रुपैयाँ पुरस्कार प्राप्त गर्ने प्रतियोगिता संयोजक दीपेश बोहराले जानकारी दिए।

वैशाख १८ गते बिहान छ बजे धनगढी रंगशालाबाट सुरु हुने दौडको उद्घाटन कमल बहादुर शाहले गर्ने कार्यक्रम रहेको छ।

दौड रंगशालाबाट गेटा मेडिकल कलेज हुँदै पुनः रंगशालामै टुंगिनेछ। प्रतियोगितामा पाँच किलोमिटर महिला दौड र कर्पोरेट दौडसमेत समावेश गरिएको छ। यी दुवै विधामा विजेताले सात हजार सात सय ७७ रुपैयाँ, दोस्रो हुनेले पाँच हजार पाँच सय ५५ रुपैयाँ र तेस्रो हुनेले चार हजार चार सय ४४ रुपैयाँ प्राप्त गर्नेछन्।

यस वर्षको हाफ म्याराथनलाई लागूऔषधविरुद्धको अभियानका रूपमा अघि बढाइएको आयोजकले जनाएको छ। साथै, सबैभन्दा धेरै रक्तदान गर्ने दीपक उपाध्यायलाई विशेष रूपमा सम्मान गरिनेछ।

सहभागीमध्ये एक जनालाई चिट्ठामार्फत विशेष पुरस्कार प्रदान गरिनेछ भने निसर्ग अस्पतालले गोलाप्रथाबाट छनोट भएका तीन जनालाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# असिनापानीले स्याउ खेतीमा क्षेती



कॉंक्रेविहार संवाददाता
डोल्पा, १५ वैशाख

सोमवार साँझ परेको अविरल असिनापानीले डोल्पाका स्याउ किसानलाई ठूलो क्षति पुऱ्याएको छ। स्याउ उत्पादनका लागि परिचित त्रिपुरासुन्दरी नगरपालिका र ठूलीभेरी नगरपालिकाका विभिन्न वडामा असिनाले बगैचा सखाप पारेको हो। त्रिपुरासुन्दरी नगरपालिका तिन र चार (जिउँ, सुउ, रंग), ठूलीभेरी नगरपालिका सात र आठ (डाँगीवाडा, जुफाल) तथा वडा नं. एक (थाला) लगायत क्षेत्रमा करिब आधा घण्टा परेको असिनाले स्याउका फूल र लाग्दै गरेका दाना झारेर पूर्ण रूपमा नष्ट गरेको किसानहरूले बताएका छन्।

महादेव फलफूल तथा बगैचा उद्योग, जिउँका सञ्चालक रामबहादुर गुरुङका अनुसार एकैछिनको असिनाले वर्षभरको मेहनत समाप्त भएको छ।

गत वर्ष तिन देखि पाँच लाख रुपैयाँसम्म आम्दानी भएको थियो, तर यस वर्ष उत्पादन शून्य हुने अवस्था छ, उनले बताए।

प्राकृतिक विपद्का कारण किसानहरू गम्भीर आर्थिक संकटमा परेका छन्। बाली विमा नहुँदा थप समस्या बढेको किसानहरूको गुनासो छ।

जुम्ला, मनाङ र मुस्ताङजस्ता जिल्लामा बाली विमा लागू भए पनि डोल्पामा प्रभावकारी व्यवस्था नहुँदा किसान मारमा परेका छन्। राष्ट्रिय कृषि आधुनिकीकरण तथा कार्यक्रम कार्यान्वयन इकाई डोल्पाका प्रमुख गोविन्द बहादुर मल्लका अनुसार किसानलाई बाली विमा गर्न पटक-पटक सुझाव दिइए पनि अपेक्षित चासो नदेखिएको छ। उनले कार्यक्रमका बजेटसमेत रोकेर विमा गर्न प्रेरित गरिए पनि अन्ततः भुक्तानी दिनुपरेको जानकारी दिए।

किसानहरूले क्षतिको उचित मूल्यांकन गरी राहत उपलब्ध गराउन र तत्काल बाली विमा लागू गर्न सरकारसँग माग गरेका छन्। उनीहरूले समयमै राज्यको हस्तक्षेप नभए डोल्पाको स्याउ खेती दीर्घकालीन संकटमा पर्ने चेतावनी दिएका छन्।

# राउटे संरक्षणका नीति अधुरै

कॉंक्रेविहार संवाददाता
सुर्खेत, १५ वैशाख

कर्णाली प्रदेश सरकारले लोपोन्मुख राउटे समुदायलाई मूलधारमा ल्याउने उद्देश्यले एकीकृत नीति ल्याउने घोषणा गरेको चार वर्ष बितिसक्दा पनि नीति निर्माणले पूर्णता पाउन सकेको छैन।

२०७८ असार सात गते तत्कालीन सामाजिक विकासमन्त्री यज्ञबहादुर बुढाक्षेत्रीले सरोकारवाला र विज्ञहरूसँग छलफल गरी राउटे संरक्षणका लागि चाँडै नीति बनाइने बताएका थिए।

मन्त्रालयले त्यस क्रममा विभिन्न पक्षबाट सुझावसमेत संकलन गरेको थियो। तर, लामो समय बित्दा पनि नीति कार्यान्वयनमा आउन सकेको छैन।



राउटे समुदायमाथि गैरराउटे समूहबाट असुरक्षा बढ्दै गएको सन्दर्भमा उनीहरूको कला, संस्कृति र मौलिकता जोगाउँदै सुरक्षित रूपमा समाजसँग जोड्ने लक्ष्यसहित एकीकृत नीति आवश्यक ठानिएको हो।

सामाजिक विकास मन्त्रालयका अनुसार राउटे संरक्षण नीति निर्माण प्रक्रिया अहिले अन्तिम चरणमा पुगेको छ।

शैक्षिक विकास तथा सामाजिक विकास महाशाखा प्रमुख उपसचिव सुवर्ण खड्काका अनुसार नीतिको सैद्धान्तिक सहमतिका लागि प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गरिएको छ।

सरकारले छिट्टै नीति अन्तिम रूप दिएर राउटे समुदायको संरक्षण, सुरक्षाको सुनिश्चितता तथा दीगो व्यवस्थापनमा काम गर्ने अपेक्षा गरिएको छ।

# स्याउ खेतीतर्फ किसान आकर्षित हुँदै

कॉंक्रेविहार संवाददाता
बाजुरा, १५ वैशाख

किसानमा पछिल्लो समय स्याउ खेतीप्रति आकर्षण उल्लेखनीय रूपमा बढेको छ। गाउँबस्तीमा सडक सञ्जाल विस्तार भएसँगै उत्पादनलाई सहज रूपमा बजारसम्म पुऱ्याउन सकिने भएपछि किसानहरू व्यावसायिक स्याउ खेतीतर्फ उन्मुख भएका हुन्।

बुढीनन्दा नगरपालिका आठ का कृषक चक्रबहादुर कठायतका अनुसार पहिले सडक नहुँदा स्याउ उत्पादनप्रति खासै चासो थिएन।

अहिले गाउँमै गाडी पुग्छ, उत्पादन सिधै बजार पठाउन सकिन्छ," उनले भने, स्याउ खेतीले आम्दानीको भरपर्दो आधार दिन थालेको छ। पहिले धान, गहुँ र जौजस्ता अन्नबालीमा निर्भर रहेका किसान अहिले सोही जमिनमा स्याउ खेती विस्तार गर्न थालेका छन्। स्याउबाट नगदे आम्दानी बढ्न थालेपछि खेती प्रणालीमा परिवर्तन आएको स्थानीय बताउँछन्। जिल्लाका हिमाली, स्वामिकार्तिक खापर, जगनाथ, बुढीनन्दा, बडिमालिका, गौमुल, बुढीगंगा र खप्तड छेडेदह क्षेत्र स्याउ उत्पादनका प्रमुख केन्द्रका रूपमा विकसित हुँदै गएका छन्।

विशेष गरी बडिमालिका नौ र १० को पाण्डुसैन क्षेत्रमा स्याउ उत्पादन उच्च रहेको छ। अहिले बाजुरामा उत्पादन हुने अर्गानिक स्याउ देशका विभिन्न सहरमा पुग्न थालेको छ। पहिले सीमित क्षेत्रमै स्याउ उत्पादन हुने गरेकोमा अहिले नयाँ स्थानमा पनि विस्तार भएको छ। कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख जसिराम साहनीका अनुसार जिल्लामा करिब एक सय ७० हेक्टर क्षेत्रफलमा स्याउ खेती भइरहेको छ।

पहिले उत्पादन भएको स्याउ बजार नपुग्दा खेर जाने अवस्था थियो, उनले भने, अहिले ढुवानी अनुदानका कारण स्याउ विभिन्न सहरमा बिक्री भइरहेको छ।

बाजुरामा अहिले स्थानीय जातसँगै फुजी, गाला र गोल्डेन जातका स्याउ पनि उत्पादन हुन थालेका छन्। गत वर्ष जिल्लामा करिब एक हजार २० मेट्रिक टन स्याउ उत्पादन भएकोमा झण्डै छ सय मेट्रिक टन स्याउ देशका विभिन्न सहरमा बिक्री गरिएको जनाइएको छ। सडक पहुँच, बजार विस्तार र सरकारी सहुलियतले बाजुरामा स्याउ खेतीलाई व्यावसायिक रूप दिन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ।

# कर्णाली प्रदेशसभाको आठौं अधिवेशन आह्वान

कॉंक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १५ वैशाख

कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठक आज बिहान ९:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर सुर्खेतमा बस्दै महत्वपूर्ण निर्णय गरेको छ।

बैठकले कर्णाली प्रदेशसभाको दोस्रो कार्यकाल अन्तर्गत आठौं अधिवेशन आह्वान गर्न प्रदेश प्रमुख यज्ञराज जोसी समक्ष सिफारिस गर्ने निर्णय गरेको हो।

बैठकमा प्रस्तुत कार्यसूची प्रस्ताव अनुसार कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशन मिति २०८३ साल वैशाख २८ गते सोमबार दिउँसो ३:०० बजे आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरिएको छ।

प्रदेश सरकारका अनुसार आगामी अधिवेशनमा प्रदेश सरकारका नीति तथा कार्यक्रम, बजेट तयारी, समसामयिक राजनीतिक विषय, विकास निर्माणका योजना तथा प्रदेशसँग सम्बन्धित विभिन्न विधेयकमाथि छलफल हुने अपेक्षा गरिएको छ।




अधिवेशन आह्वानसँगै प्रदेशसभामा राजनीतिक गतिविधि थप सक्रिय हुने विश्वास गरिएको छ। प्रदेश सरकारका प्रमुख सचिव वीरेन्द्र कुमार यादवद्वारा जारी सूचनामा बैठकको निर्णय निर्देशानुसार सार्वजनिक गरिएको उल्लेख छ।

अधिवेशन आह्वानको सिफारिसपछि अब प्रदेश प्रमुखबाट औपचारिक आह्वान हुने प्रक्रिया अघि बढ्नेछ। कर्णाली प्रदेशको समग्र विकास, नीति निर्माण तथा जनसरोकारका विषयमा प्रदेशसभाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको सन्दर्भमा आगामी आठौं अधिवेशनलाई विशेष चासोका साथ हेरिएको छ।

प्रदेश सरकार तथा प्रदेशसभा दुवै पक्षले जनअपेक्षाअनुसार प्रभावकारी निर्णय र कार्यक्रम अघि बढाउने तयारी थालेका छन्।

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

**सामाजिक सञ्जालमाः**

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

***जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन। यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५




कॉंक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)